# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्ने, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः

मितिः २०७५।१२।११

श्री प्रमुखज्यू,
गढवा गाँउपालिका,
गढवा, दाङ

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट गढवा गाउँपालिका आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.३ करोड ७१ लाख ५८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४८ लाख ८६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ५३ लाख ४७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.६९ लाख ७६ हजार र पेश्की रु.९९ लाख ४९ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५.०९.१२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना २४ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# गढवा गाँउपालिका, गढवा, दाङ
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । यो गाँउपालिका अर्न्तगत ८ वडा रहेको ४४ सभा सदस्य ३५८.५७ व.कि.मी. क्षेत्रफल, ३८५९२ जनसंख्या ५ नं. प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चितकोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा स्थानीय सञ्चित कोषको व्यवस्था रहेको छ । आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त विवरण तयार गरेको छैन । गाउँपालिकाले पेश गरेको आर्थिक विवरणअनुसार आम्दानी तथा खर्च विवरण निम्नानुसार छ :

**विनियोजन**

| बजेट उपशीर्षक | वार्षिक बजेट | निकासा | खर्च | बाँकी |
|---|---|---|---|---|
| ८०१७९०३ वित्तीय समानीकरण | २४३७५०००० | २४३७५०००० | २०४२८०३९८.०९ | ३९४६९६०१.९१ |
| ८०१७९०३ शशर्त अनुदान | १००९२१००० | १००९२१००० | १००९२१००० | ० |
| ३६५८५२४ सिमा क्षेत्र विकास कार्यक्रम | ६५९२००० | ६१३२३१२ | ६१३२३१२ | ० |
| ३६५८५२३ सिमा क्षेत्र विकास कार्यक्रम | १६४५००० | १२४११४० | १२४११४० | ० |
| ३६५८१९३ स्थानीय शासन | ५०२००० | ४६०००० | ४६०००० | ० |
| ३६५८१९४ स्थानीय शासन | ६००००० | ६००००० | ६००००० | ० |
| ३६५०१५३ जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा | ४८६६९००० | ४८६६९००० | ४७६६५६०० | १००३४०० |
| ६०१०१८३ | ० | ६६३४९०.८० | ६६३४९०.८० | ० |
| ६०१०१४३ | ० | ४२६५२९ | ४२६५२९.८० | ० |
| **जम्मा रु.** | **४०२६७९०००** | **४०२८६३४७१.८** | **३६२३९०४७०.६९** | **४०४७३००१.९१** |

**धरौटी**

| गत वर्षको जिम्मेवारी रु. | यस वर्षको आम्दानी रु. | जम्मा रु. | फिर्ता रु. | सदरस्याहा रु. | बाँकी रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १४७७३९ | ३५४२६९९ | ३६९०४३८ | ० | १२८७००० | २४०३४३८ | |

**ग ५ विविध**

| गत वर्षको जिम्मेवारी रु. | यस वर्षको आम्दानी रु. | जम्मा रु. | खर्च रु. | बाँकी रु. |
|---|---|---|---|---|
| ० | ५८१५१७५ | ५८१५१७५ | ० | ५८१५१७५ |

**आन्तरिक आय**

| गत वर्षको जिम्मेवारी रु. | यस वर्षको आम्दानी रु. | जम्मा रु. | खर्च रु. | बाँकी रु. |
|---|---|---|---|---|
| २५४७८६७१.३२ | ६४५०५१९.८० | ३१९२९१९१.१२ | ० | ३१९२९१९१.१२ |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **कानून तर्जुमा :** नेपालको संविधानको धारा ५४ को उपधारा ४ मा स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँ सभाले बनाएको कानून बमोजिम हुने व्यवस्था रहेको छ । स्थानीय तहले तर्जुमा गर्नु पर्ने कानूनहरु मध्ये ३० वटा नमूना कानून संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको भएपनि यस गाउँपालिकाले निम्नानुसारका ८ वटा कानून मात्र पारित गरेको भएपनि स्थानीय राजपत्रमा प्रकाशन गरेको देखिएन । अतः सबै कानूनहरु समयमा नै तयार गर्नुपर्दछ । | |

| सि.नं. | कानूनको नाम | सभाबाट पारित मिति |
|---|---|---|
| १ | गढवा गाँउपालिका गाँउसभा सञ्चालन कार्यविधि, २०७४ | २०७४/५/१५ |
| २ | गढवा गाँउपालिकाको कृषि व्यवसाय प्रबर्द्धन ऐन, २०७४ | २०७४/१२/२८ |
| ३ | गढवा गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ | २०७४/१२/२९ |
| ४ | गढवा गाँउपालिकाको सहकारी ऐन, २०७४ | २०७४/१२/२८ |
| ५ | गढवा गाँउपालिकाको आर्थिक कार्यविधि कानून, २०७४ | २०७४/१२/२८ |
| ६ | गढवा गाँउपालिका न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि कानून, २०७४ | २०७४/१२/२९ |
| ७ | गढवा गाँउपालिकाको स्थानीय वन ऐन, २०७४ | २०७४/१२/२९ |
| ८ | गढवा गाँउकार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ | २०७४/३/३० |
| ९ | गढवा गाँउपालिका (कार्यविभाजन) नियमावली, २०७४ | २०७४/३/३० |
| १० | गढवा गाँउकार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ | २०७४/३/३० |
| ११ | गढवा गाँउकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ | २०७४/५/१५ |
| १२ | गढवा गाँउपालिका सुत्केरी स्याहार प्रोत्सहान पोषण भत्ता कार्यविधि, २०७४ | २०७४/७/३० |
| १३ | गढवा गाँउपालिकाको शिक्षा नियमावली, २०७४ | २०७४/१०/०९ |
| १४ | एफ एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ | २०७४/१२/२७ |
| १५ | गढवा गाँउपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ | २०७४/१२/२७ |
| १६ | स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्इवस्थापन सम्बन्धी कार्यविधि, २०७४ | २०७४/१२/२७ |
| १७ | गढवा गाँउपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ | २०७४/१२/२७ |
| १८ | गढवा गाँउपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ | २०७४/१२/२८ |
| १९ | गढवा गाँउपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७४ | २०७४/१२/२७ |
| २० | सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५ | २०७५/३/८ |

| | | |
|---|---|---|
| २. | **कारोबारको लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था रहेको छ । यस गाँउपालिकाले राखेको लेखाको ढाँचा उपरोक्त व्यवस्था बमोजिम स्वीकृत नभएको, आर्थिक कार्यविधि ऐन तर्जुमा नभएको, महालेखा नियन्त्रक कार्यालयबाट जारी विद्युतीय लेखा प्रणाली (SUTRA) अवलम्बन नगरेको तथा आन्तरिक लेखापरीक्षण नभएकाले गाँउपालिकाले राखेको लेखाले गाँऊपालिकाको आर्थिक कारोबारको यर्थाथ अवस्था चित्रण गर्दछ भनी एकिन गर्ने आधार भएन । | |
| २.१. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा स्थानीय सञ्चित कोषको व्यवस्था रहेको छ । कार्यालयले आर्थिक वर्ष २०७४।०७५ को सञ्चित कोषको आर्थिक विवरण तयार गरेको देखिएन । मुल कोषमा गत वर्षको जिम्मेवारी रु. २,५४,७८,६७१।३२, यस वर्षको निकासा रु. ४०,२५,९७,२३६।०० र आन्तरिक आय रु. ६४,५०,५१९।८० गरी रु. ४३,४५,२६,४२७।१२ आम्दानी | |

| | | |
|---|---|---|
| | भएकोमा चालु र पूँजीगत खातामा रु. ४२,२७,६१,०८०।०० ट्रान्सफर भई रु. १,१७,६५,३४७।१२ बाँकी रहेकोमा २०७५ आषाढ मसान्तमा बैंक खाता (५१४१४९८८२४५२४००१) मा रु १,२७,७२,०५८।३२ मौज्दात रहेको छ । | |
| २.२. | कार्यालयबाट आर्थिक कारोबार सञ्चालन गर्न खोलिएका देहायका खाताहरुमा बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा मुल कोष खातामा सारी खाता शुन्य बनाउनु पर्नेमा खातामा मौज्दात रहेको सम्बन्धमा छानवीन गरी हिसाब मिलान हुनुपर्दछ । | |

| खाता नम्बर | बैंक खाता नम्बर | २०७५ आषाढ मसान्तको बाँकी रु |
|---|---|---|
| चालु खर्च (ग २-१) | ५१४१४९८८२४५२४००२ | ४४७०३४९७.३५ |
| पूँजीगत खर्च (ग २-२) | ५१४१४९८८२४५२४००५ | ४९१८५६९८.३६ |
| | | ९३८८९१९५.७१ |

| | | |
|---|---|---|
| २.३. | कार्यालयले पेश गरेको आर्थिक विवरणबाट विनियोजन, धरौटी र आन्तरिक आय तर्फ रु. ३,२४,१६,१०,७२६।९१ बाँकी मौज्दात देखाएकोमा निम्न खातामा रु. ११००५३५४६।०३ मौज्दात रहेको बैंक स्टेटमेन्टबाट देखिएको छ । | |

| बैंक खाता नम्बर | १६ जुलाई २०१८ को मौज्दात |
|---|---|
| ५१४१४९८८२४५२४००१ | १२७७२०५८.३२ |
| ५१४१४९८८२४५२४००२ | ४४७०३४९७.३५ |
| ५१४१४९८८२४५२४००३ | ९३९१७७ |
| ५१४१४९८८२४५२४००४ | २४५३११५ |
| ५१४१४९८२४५२४००५ | ४९१८५६९८.३६ |
| | ११००५३५४६.०३ |

| | | |
|---|---|---|
| ३. | **आचारसंहिता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११२ मा स्थानीय तहले आफ्ना सदस्य तथा कर्मचारीको लागि आचार संहिता बनाई लागु गर्नु पर्ने व्यवस्था भएपनि लागु गरेको पाइएन । | |
| ४. | **वार्षिक लक्ष्य र प्रगति :** गाँउपालिकाका अध्यक्षले पेश गर्नु भएको आर्थिक वर्ष २०७४।७५ को वार्षिक नीति तथा कार्यकम अनुरुप उपाध्यक्षले २०७४।६।१ मा आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्य पेश भएको देखिन्छ । गाँऊपालिकाले यसरी पेश गरेको वार्षिक बजेट वक्तव्य अनुरुपको वार्षिक प्रगति विवरण तयार गरेको पाइएन । जस्ले गर्दा गाँउपालिकाले आर्थिक वर्ष २०७४।७५ मा हासिल गरेको प्रगतिको परीक्षण गर्न सकिएन । | |
| ४.१. | गाँउपालिकाले यसरी पेश गरेको वार्षिक बजेट वक्तव्यमा यस वर्ष निम्न अनुमान गरेकोमा सो अनुरुपको वार्षिक प्रगति विवरण तयार गरेको पाइएन । | |

| **शीर्षक** | **२०७४।७५ को अनुमान रु.** | **यथार्थ** |
|---|---|---|
| **आय** | | |
| आन्तरिक आय | ४२६२००० | ४७६०३७० |
| राजश्व बाँडफाँडबाट प्राप्त रकम | ० | ० |
| अन्य आय | १०००००० | १६७५३४९ |
| नेपाल सरकारको अनुदान | ३३०७७१००० | ४२४४३९०८० |
| **व्यय** | | |
| चालु खर्च | १३९५२१००० | १७१८०९०६३ |
| पूँजीगत खर्च | २११२७५००० | १७४८८८४६४ |
| | ३५०७९६००० | ३४६६९७५२७ |

| | | |
|---|---|---|
| ४.२. | कार्यालयले राजश्व वापत शीर्षकगत रुपमा अनुमान गरेको भएपनि शीर्षकगत असुलीको विवरण तयार गरेको पाइएन । कार्यालयले लक्ष्य अनुरुप राजश्व असुल गर्न सकेको देखिएन । | |

| शीर्षक | लक्ष्य |
|---|---|
| घरजग्गा रजिष्ट्रेशन शुल्क | ११००००० |
| घरबहाल कर | १०००० |
| व्यवसाय कर | ७००००० |
| विज्ञापन कर | ५०००० |

| | | |
|---|---|---|
| | <table><tr><td>भूमिकर मालपोत</td><td>१३०००००</td></tr><tr><td>सवारी साधन कर</td><td>५००००</td></tr><tr><td>सेवा शुल्क</td><td>५०००००</td></tr><tr><td>दस्तुर</td><td>५०००००</td></tr><tr><td>दण्ड जरिवाना</td><td>२५०००</td></tr><tr><td>काठ तथा वन्यजन्तु वस्तु</td><td>५०००००</td></tr><tr><td>मनोरन्जन कर</td><td>२०००</td></tr><tr><td>बहाल विटौरी</td><td>२००००</td></tr><tr><td>अन्य</td><td>१५०६०००</td></tr><tr><td>राजश्व बाँडफाँड</td><td>४२६२०००</td></tr><tr><td>स्थानीय तहबाट हस्तान्तरणबाट</td><td>१०००००००</td></tr><tr><td></td><td>२०५२५०००</td></tr></table> | |
| ५. | **वार्षिक विकास योजना :** कार्यालयले गाँउस्तरका र वडास्तरका आयोजना तथा कार्यक्रम अन्तरगत ४७८ वटा आयोजना तथा कार्यक्रम कार्यान्वियन गर्न रु.११,४३,२९,२९६।०० बजेट स्वीकृत गरेकोमा रु. ११,०६,७६,३२२।०० खर्च गरेको पाइयो । | |
| ५.१. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ले गाँउपालिकाको काम, कर्तव्य र अधिकारलाई २२ वर्गमा, दफा ११(४) ले ११ वर्गमा, दफा ११(५) ले ३ वर्गमा विभाजन गरेको छ भने बडाको काम, कर्तव्य र अधिकारलाई दफा १२ ले ५ वर्गमा विभाजन गरेको छ । गाँऊपालिकाले आफ्नो बजेटलाई ती वर्ग अनुसार वर्गीकरण गरेको देखिएन । | |
| ६. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएपनि वडा सचिवलाई खर्च गर्ने अख्तियारी दिएको देखिएन । | |
| ७. | **वजेट पेश गर्ने तथा पारित गर्ने** : स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारित गर्नुपर्ने व्यवस्था छ । गाँऊपालिकाले आर्थिक वर्ष २०७४।७५ को बजेट २०७४।५।१८ मा पेश गरेको पाइयो । | |
| ८. | **आन्तरीक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाइएन । | |
| ९. | **वित्तीय जवाफदेहिता :** महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७५ को अनुसूची ११ बमोजिम कार्यालयको व्यवस्थापकिय, वित्तीय, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षको वित्तीय जवाफदेहिता मूल्यांकन गर्दा कार्यालयको ग्रेडिङ सी श्रेणीमा परेको छ । | |
| १०. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा, वजेट सिमा | |

| | | |
|---|---|---|
| | निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा  मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था भएपनि सो अनुसार गरेको पाइएन । | |
| ११. | **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँऊपालिकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा  भुमिका अगाडि वढाउन आवश्यक छ। तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँउपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| १२. | **खरिद योजना :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा खरिद योजना तयार गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले खरिद एकाई गठन तथा खरिद योजना तयार गरेको पाइएन । | |
| १३. | **मध्यकालिन खर्च संरचना :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था भएपनि तयार गरेको पाइएन । | |
| १४. | **कर्मचारी व्यवस्था :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा प्रशासकीय सङ्गठन र कर्मचारी दरबन्दी सम्बन्धी व्यवस्था रहेको छ। नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत दरबन्दी संरचना अनुसार यस गाँउपालिकामा निम्नानुसार कर्मचारी दरबन्दी स्वीकृत भएकोमा कार्यरत कर्मचारीको अवस्था निम्न रहेको छः | |

| सि.नं. | पदनाम | श्रेणी | अप्राविधिक वा प्राविधिक | दरबन्दी |
|---|---|---|---|---|
| **कार्यपालिका** | | | | |
| | प्रमुख प्रशासकीय अधिकृत | रा प द्धितीय | अप्राविधिक | १ |
| | शाखा अधिकृत | रा प तृतीय (प्रशासन) अधिकृत सातौ आठौ | अप्राविधिक | १ |
| | शाखा अधिकृत | रा प तृतिय शिक्षा अधिकृत सातौ आठौ | अप्राविधिक | १ |
| | जनस्वास्थ्य अधिकृत/म वि अ | स्वास्थ्य सातौ आठौ रा प तृतीय विविध | प्राविधिक | १ |
| | कृषि अधिकृत | रा प तृतीय कृषि पशु अधिकृत सातौ आठौ | प्राविधिक | १ |
| | लेखा अधिकृत | रा प तृतीय | अप्राविधिक | १ |
| | ईन्जिनियर | रा प तृतीय | प्राविधिक | १ |
| | नायब सुब्बा | रा प अनं प्रथम प्रशासन | अप्राविधिक | ६ |
| | नायब सुब्बा | रा प अनं प्रथम न्याय/प्रशासन | अप्राविधिक | १ |
| | प्रा स शिक्षा | रा प अनं प्रथम शिक्षा | अप्राविधिक | १ |
| | नायव सुब्बा/म बि नि/स मविनि/खरिदार | रा प अनं प्रथम | अप्राविधिक | १ |
| | लेखापाल | रा प अनं प्रथम | अप्राविधिक | १ |
| | आन्तरिक लेखा परीक्षक | रा प अनं प्रथम | अप्राविधिक | १ |
| | सब इन्जिनियर, जनरल | रा प अनं प्रथम | प्राविधिक | २ |
| | सब इन्जिनियर, आर्किटेक | रा प अनं प्रथम | प्राविधिक | २ |
| | सर्भेक्षक | रा प अनं प्रथम अधिकृत छैठौ सहायक पाँचौ | प्राविधिक | १ |
| | रेन्जर/ना सु | रा प अनं प्रथम सहायक पाँचौ | प्राविधिक | १ |
| | सहलेखापाल | रा प अनं द्धितीय | अप्राविधिक | १ |
| | | | | २५ |
| **वडा कार्यालय** | | | | |
| १ | नायब सुब्बा/खरिदार | रा प अनं प्रथम, द्धितीय | अप्राविधिक | ७ |
| २ | सब इन्जिनियर/असिस्टेन्ट सब इन्जिनियर | रा प अनं प्रथम, द्धितीय | प्राविधिक | ७ |

| | | | | |
|---|---|---|---|---|
| | | | | १४ |
| | | | | ३९ |

कार्यालयमा उपरोक्त बमोजिम दरबन्दी स्वीकृत भएपनि प्रमुख प्रशासकीय अधिकृत १, इन्जिनियर १, आई टि अधिकृत १, लेखा अधिकृत १, पशु चिकित्सक १,  ज स्वा नि १, नायब सुब्बा ३, लेखापाल १, सि अ हे व १, वरिष्ठ अधिकृत १, प्रा स २, खरिदार ३, स म वि नि २, स ले पा २, सब इन्जिनियर २, अमिन १, मुखिया १, कार्यालय सहायक ४, सामाजिक परिचालक ३, स्वास्थ्य तर्फ ४२, कृषि सेवा केन्द्र तर्फ ४ र पशु सेवा केन्द्र ५ जना, कानूनी सल्लाहकार, प्रेस सल्लाहकार लगायत ९७ जना कर्मचारी कार्यरत देखियो ।

१५. **पदाधिकारीको सुविधा :** प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयले जेठ २८ गते, २०७५ देखि लागु हुने गरी प्रदेश राजपत्रमा प्रकाशन गरेको प्रदेश नं. ५ अन्तरगतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मा गाँउकार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा गाँउसभाका सदस्यको सुविधाका सम्बन्धमा उल्लेख भएको छ। प्रदेश सरकारले ऐन लागु भएको मितिभन्दा अगाडि (निर्वाचित भई काम कारवाही शुरु गरेको मिति) देखि नै सुविधा पाउने गरी कानून तर्जुमा गरेकोले २०७५ जेठसम्मको पदाधिकारी पारिश्रमिक भुक्तानी गरेको पाइयो ।

१५.१. कानून अनुसार पारिश्रमिक तोक्ने अधिकार नभएपनि कार्यपालिकाको मिति २०७४।६।३० को निर्णयबाट गाउपालिका अध्यक्षलाई रु.२५,०००।००, उपाध्यक्षलाई रु.२००००।००, वडाध्यक्षहरुलाई रु. १५०००।०० र अन्य सदस्यहरुलाई रु. २०००।०० का दरले मासिक पारिश्रमिक र १ महिना बराबरको दशैं खर्च दिने गरे अनुसार रु. ११,१६,०००।०० पारिश्रमिक भुक्तानी गरेको पाइयो ।

१५.२. एकीकृत आर्थिक संकेत तथा वर्गीकरण तथा व्याख्या, २०७४ अनुसार पदाधिकारीको पारिश्रमिक खर्च शीर्षक नम्बर २१११२ बाट भुक्तानी दिनु पर्नेमा खर्च शीर्षक नम्बर २११११ बाट रु. १७,३६,०००।०० भुक्तानी गरेको पाइयो ।

१५.३. सोही ऐनको दफा ५ मा प्रमुख तथा अध्यक्षलाई स्थानीय तहले सवारी साधन उपलब्ध गराउन सक्ने व्यवस्था भएकोमा कार्यालयले उपाध्यक्षलाई स्कुटर एवं बडा अध्यक्षहरु ८ जनालाई मोटरसाइकल उपलब्ध गराएको छ ।

१५.४. सोही ऐनको दफा ४ मा मासिक सुविधा पाउने पदाधिकारीले बैठक भत्ता वापतको रकम नपाउने व्यवस्था रहेको छ । गाँउपालिकाका पदाधिकारीले बैठक भत्ता तथा अनुगमन समितिमा काम गरेको भनी भत्ता लिएको देखिएकाले त्यस्तो भत्ता असुल गर्नुपर्ने रु. .. ३८२९९३०.०

| **विवरण** | **गोश्वारा भौचर नम्बर** | **भत्ता रकम** |
|---|---|---|
| वित्तीय समानीकरण चालु | १५-२०७४/६/८ | १६६६०० |
| | ५१-२०७४/८/१ | ६९००० |
| | ६६-२०७४/९/६ | ११७३०० |
| | ७६-२०७४/१०/८ | १११२०० |
| | ९९-२०७४/१२/१७ | २०४०० |
| | ११२-२०७४/१२/२२ | ४५९०० |
| | १११-२०७४/१२/२२ | ४१६५० |
| | ११०-२०७४/१२/२२ | १६५७५० |
| | १०९-२०७५/१२/२२ | ९१८०० |
| | १०६-२०७५/१२/१७ | ४५९०० |
| | ९९-२०७४/१२/१७ | २४००० |
| | १४१-२०७५/१/३० | ६६००० |
| | १६४-२०७५/२/१८ | ३४९१७० |
| | १५६-२०७५/२/१४ | ६९४७६० |
| | २४९-२०७५/३/३० | १२८००० |
| | २४०-२०७५/३/३० | १०८००० |
| | २३९-२०७५/३/३० | १४४००० |

| | | |
|---|---|---|
| | २३८-२०७५/३/३० | १२०००० |
| | २३७-२०७५/३/३० | ६६५०० |
| | २१४-२०७५/३/२३ | २५२००० |
| | २०६-२०७५/३/२० | ६८००० |
| | १९७-२०७५/३/१९ | १४४००० |
| | २६४-२०७५/३/३१ | ३६००० |
| | २६२-२०७५/३/३१ | ६०००० |
| | २६१-२०७५/३/३१ | १२०००० |
| | २६०-२०७५/३/३१ | १०८००० |
| | २५८-२०७५/३/३१ | ६०००० |
| | २४७-२०७५/३/३० | ६४००० |
| | २४६-२०७५/३/३० | १०८००० |
| | २४२-२०७५/३/३० | ११४००० |
| | २४१-२०७५/३/३० | १२०००० |
| | | ३८२९९३० |

| | | |
|---|---|---|
| १५.५. | २२५-२०७५।३।२५ कार्यालयले पदाधिकारीलाई पोशाक भत्ता वापत प्रति व्यक्ति रु. १००००।०० का दरले रु. ४३००००।०० भुक्तानी दिएकोमा यस्तो भत्ता पाउने कानूनी आधार नभएको तथा पदाधिकारीहरुले लगाउनु पर्ने पोशाकको मापदण्ड समेत तयार नगरेको रु. ... | ४३००००.०० |
| १६. | **कर्मचारी भत्ता :** नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारीले मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानबाट कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ। कार्यालयले अनुदान एवं आन्तरिक स्रोतबाट निम्नानुसार अतिरिक्त भत्ता वापत खर्च लेखेको छ। नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुनै आधार वेगर यस वर्ष रु. २२९३३८५.०० भत्ता भुक्तानी भएको छ। स्थानीय तहलाई यस्ता भत्ताका सम्बन्धमा निर्णय गर्ने आधार एवं कार्यविधि नभएकोले यस्तो कार्यमा खर्च लेखेको रकम अनियमित देखिएको रु. . | २२९३३८५.०० |

| **कार्यकमको विवरण** | **भौ नं. र मिति** | **वापत** | **भुक्तानी रकम** |
|---|---|---|---|
| वित्तीय समानीकरण अनुदान चालु | १४-२०७४/६/८ | खाना खाजा खर्च | १९५००० |
| | ९०-२०७४/१०/१८ | खाना खाजा खर्च | २६६८५० |
| | ११५-२०७५/१२/२९ | खाना खाजा खर्च | २००००० |
| | २१८-२०७५/३/२४ | खाना खाजा खर्च | १४०३०० |
| | २०९-२०७५/३/२२ | खाना खाजा खर्च | ६८५५०० |
| | २०३-२०७५/३/२० | खाना खाजा खर्च | ३०५०० |
| | १९५-२०७५/३/१६ | खाना खाजा खर्च | १९५९०० |
| | २१५-२०७५/३/२३ | पुरस्कार | ८०००० |
| | २९९-२०७५/३/३ | प्रोत्सहान भत्ता | २१८००० |
| | १५६-२०७५/२/१४ | प्रोत्सहान भत्ता | २८१३३५ |
| | **जम्मा** | | **२२९३३८५** |

| | | |
|---|---|---|
| १७. | **कर लगाउने** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ मा एकिकृत सम्पत्ति कर र घर जग्गा कर, दफा ५६ मा भूमि कर, दफा ५७ मा घर जग्गा बहाल कर, दफा ५८ मा व्यवसाय कर, दफा ५९ मा बहाल विटौली शुल्क, दफा ६० मा पार्किङ्ग शुल्क, दफा ६१ मा जडीबुटी, कवाडी र जीवजन्तु कर, दफा ६२ मा सेवा शुल्क, दफा ६४ मा दोहोरो अधिकारक्षेत्रभित्रका कर निर्धारण, संकलन तथा बाँडफाँडको व्यवस्था रहेको छ। कार्यालयले यसवर्ष उपरोक्तानुसारका कर असुल गर्न सकेको पाइएन। | |

१८. **भवन निर्माण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७ मा भवन निर्माण तथा सडक सम्बन्धी व्यवस्था रहेको छ । गाँऊपालिकाले आफ्नो कार्य क्षेत्रभित्र नक्सा पास गराई भवन निर्माण गरे नगरेको सम्बन्धमा अनुगमन गरेको पाइएन । कार्यालयले भवन निर्माण गर्नु अघि अनुमतिपत्र दिएको पाइएन । कार्यालयले यस वर्ष कार्यालयको आफ्नो भवन समेत भवन निर्माणमा रु. १५२०२६२३।०० बजेट स्वीकृत भएकोमा रु. १४९९४८७५।०० का भवन निर्माण गर्दा समेत ती भवनको नक्शा पास गरेको देखिएन ।

१८.१. गाँउपालिकाको प्रशासकीय भवन रु.४१२५८९२२।०३ को लागतमा २४ महिनामा सम्पन्न गर्ने गरी लुम्बिनी जलजला जे.भी.सँग सम्झौता भएकोमा सो भवनको नक्शा पास भएको देखिएन । सो भवन बनाउन परामर्शदाताले रु. ६,१३,३५,१२७।०० लागत लाग्ने गरी प्रतिवेदन दिएकोमा रु. ५,५६,७३,९७३।०० लाग्ने गरी लागत अनुमान स्वीकृत भएकाले परामर्शदाताको प्रतिवेदन विश्वसनीय देखिएन ।

१८.२. कार्यालयले गाँउपालिकाको कवल सटर निर्माण गर्न रु. ७४५०४२३।०० लागत अनुमान तयार गरी नक्शा पास वेगर निर्माण गर्ने खरिद सम्झौता गरेको छ । गाँउपालिकालाई व्यवसायिक प्रयोजनका लागि भवन निर्माण गर्ने अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको देखिएन । उक्त निर्माण गर्न छनौट भएको निर्माण व्यवसायीले उक्त निर्माण कार्यको विमा गरेको पाइएन ।

१९. **सडक निर्माण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४४ मा राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अवलम्बन गर्नु पर्ने र दफा ४५ मा सडकको अधिकार क्षेत्र तोक्न सक्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष सडक निर्माणका लागि रु. २२९९३५३३।०० बजेट स्वीकृत भएकोमा मा रु. २१६१९६७६।०० खर्च गरेकोमा सडक निर्माण मापदण्ड अवलम्बन नगरेको तथा सडकको अधिकारक्षेत्र नतोकेकोले निर्माण भएका सडकहरुको उपयोगमा दिगोपना हुन सक्ने अवस्था देखिएन ।

२०. **विद्युत संरचना निर्माण :** कार्यालयले यस वर्ष विद्युत संरचना निर्माणका लागि रु. १२९९८५००।०० बजेट विनियोजन गरेकोमा रु. १२३३०४५३।०० खर्च गरेको छ । विद्युत संरचना अन्तरगत खम्बा तथा तार खरिद गरी जडान गर्दा नेपाल विद्युत प्राधिकरणबाट स्वीकृत मापदण्ड अनुरुप गरेको आधिकारिक कागजात संलग्न गरेको छैन ।

२१. **चौमासिक तथा आषाढ महिनाको खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा चौमासिक प्रगति तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार निर्धारित चौमासिकमा कार्यक्रम वा क्रियाकलाप सञ्चालन गरिनु पर्दछ । कार्यालयको यस वर्षको पूँजीगत तर्फको चौमासिक र आषाद महिनाको खर्चको अवस्था निम्न रहेको छ ।

(रु. ००० मा)

| विवरण | कुल खर्च रु. | पहिलो चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | आषाढ महिना | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | खर्च | प्रतिशत | खर्च | प्रतिशत | खर्च | प्रतिशत | खर्च | प्रतिशत |
| वित्तीय समानीकरण चालु | ३६१२४ | ६३३६ | १७.५४ | ४०९१ | ११.३२ | ३५६९७ | ७१.१४ | १५२८७ | ४२.३२ |
| वित्तीय समानीकरण पूँजीगत | १५८९८९ | ३३१५ | २.०८ | ८४५० | ५.३१ | १४७२२५ | ९२.६१ | ९३८४५ | ५९.०३ |

२१.१. कार्यालयले बजेट खर्च गर्दा समानुपातिक रुपमा मासिक खर्च गर्नु पर्नेमा तेस्रो चौमासिक तथा आषाढमा बढी खर्च गरेको देखियो । आषाढमा भएको खर्च मध्येपनि आषाढ ३१ गते निम्नानुसार खर्च भएको छ ।

| विवरण | आषाढको बजेट खर्च | ३१ गतेको खर्च | आषाढको खर्चमध्ये प्रतिशत |
|---|---|---|---|
| वित्तीय समानीकरण चालु | १५२८७३२१ | ६५११५५१ | ४२.५९ |
| वित्तीय समानीकरण पूँजीगत | ९३८४५३४५ | २३५७७६५६ | २५.१२ |

२२. **स्थानीय विकास कोष खाता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सञ्चित कोषको व्यवस्था गरेको छ । गाँउपालिकाले प्राप्त गर्ने सबै रकम सञ्चित कोषमा दाखिला हुने र कोषबाट खर्च गर्ने कार्यविधि तोकिएको छ । गाँउपालिकाले निम्न कोषहरु खडा गरेकोमा यस्ता कोषहरु खडा

<table>
<tr><td></td><td>गर्ने व्यवस्था ऐनमा रहेको पाइएन । गाँउपालिकाले यस्ता कोष खडा गर्ने तथा खर्च गर्ने कार्यविधि तयार गरेको पाइएन ।</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>कोषको विवरण</th><th>निकासा</th></tr>
<tr><td>गाँउपालिका बाल कोष</td><td>१०००००</td></tr>
<tr><td>छात्रवृत्ति विशेष कोष</td><td>१२०००००</td></tr>
<tr><td>अध्यक्ष विपद् व्यवस्थापन कोष</td><td>११८००००</td></tr>
<tr><td>कर्मचारी प्रोत्सहान कोष</td><td>५८२०००</td></tr>
<tr><td>कर्मचारी कल्याण कोष</td><td>३०००००</td></tr>
<tr><td></td><td>३३६२०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२३.</td><td>राजश्व लेखा : आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाँउपालिकाले यस वर्ष रु. ६३९५५१९।८० आन्तरिक आम्दानी देखाएकोमा राजश्व लेखा प्रणालीका म ले प फा नं. १०८क, १०८ख, १०८, १०९, २३ नराखेको तथा राजश्वको गोश्वरा भौचर समेत खडा नगरेकोले राजस्व असुली र दाखिलाको सत्यता र यर्थाथता एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>२३.१.</td><td>कार्यालयले यस वर्ष प्रयोग गरेका नगदी रसिदको नियन्त्रण खाता राखेको भएपनि विभिन्न वडा कार्यालयहरुले बुझि लिएका नगदी रसिद र ती रसिद प्रयोग गरी दैनिक रुपमा आर्जन गरेको दैनिक टिपोट रजिष्टर एवं मालपोत असुली रजिष्टरको दैनिक जोड जम्मा नगरेको, कार्यालयबाट बुझि लिएका रसिदका ठेली पेश नभएको प्राप्त भएका नगदी रसिद, प्रयोग भएका नगदी रसिद एवं बाँकी रहेका नगदी रसिदको विवरण एकीन नभएकोले यस वर्ष असुल भएको राजश्वको सत्यता र यर्थाथता एकिन गर्ने आधार नभएको रु. .....</td><td>६४५०५१९.८०</td></tr>
<tr><td>२३.२.</td><td>मालपोत रसिदतर्फ कार्यालयबाट प्राप्त नगदी रसिद नियन्त्रण खातामा गत वर्षको नगदी रसिद के कति बाँकी थियो थिएन सो खुलाएको छैन । यस वर्ष १ देखि ५५०० सम्म ११ यस वर्ष १५३ दोहोरो नम्बर उल्लेख भएको ४ ठेली र विगतको १ गरी कूल १५८ ठेली रसिदमध्ये कुन कुन वडालाई कति कति ठेलि वितरण गरियो सो सम्बन्धि विवरण पेश हुन आएन र उपरोक्त ठेलीहरु मध्ये चालु आर्थिक वर्षमा वडा कार्यालयहरुले कति प्रयोग गरी कति आम्दानी गर्‍यो कति राजश्व प्राप्त भयो रदिहरु कति बाँकी सो बाँकी रसिद कार्यालयमा फिर्ता हुनु पर्नेमा सो रसिदहरु प्राप्त हुन आएको देखिएन अतः छपाई गरिएको रसिद तथा आम्दानी रकम सम्बन्धमा एकिन गर्न सक्ने अवस्था रहने अतः कार्यालयले कुन कुन वडा कार्यालय तथा शाखामा गएको रसिद ठेली गणनागरी, कुन कुन वडाबाट कति कति रकम प्राप्त भयो सो समेतको विवरण राखी आर्थिक वर्षको अन्तमा भएको रसिद फिर्ता दाखिला गरि रसिदको हिसाव पारदर्शि रुपमा अभिलेखिकरण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>(क)</td><td>विगतको १ ठेली रसिद ठेली पनि प्रयोग भएको र यसै वर्ष छपाई गरेको ररिद मध्ये रसिद नं. २७०१ देखि २९०० सम्म को ४ ठेली रसिद नं. दोहोरो छपाई भएको र सोको आम्दानी समेत गरेको देखिन्छ । अतः यसरी दोहारो नम्बरको रसिद छपाई गरी आम्दानी गरेको देखिएकोले अन्य रसिद पनि दोहोरो छैन भनि एकिन गर्न सक्ने अवस्था रहेन अतः प्राप्त राजश्व आम्दानी सम्बन्धमा ठीक छ भनि एकिन गर्न सकिएन । अतः सो सम्बन्धमा छानविन गरी एकिन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>(ख)</td><td>उक्त मालपोतको रसिदतर्फ रसिद ठेली नं.५९६१ देखि ७२५० सम्मको १२ ठेली रसिद स्टोरमानै मौज्दात रहेको देखिन्छ भने वडा कार्यालयहरुमा बाँकी रहेको रसिद समेत खिची आम्दानी एकिन गरी उपरोक्त बाँकी रसिद नियमानुसार धुल्याउनेतर्फ काम कारवाही अगाडी बढाउनु पर्ने देखियो ।</td><td></td></tr>
<tr><td>(ग)</td><td>उपरोक्त सम्बन्धमा वडा कार्यालय ४ मा २८ ठेली रसिद प्याड लगेकोमा लेखापरीक्षणको क्रममा म.ले.प.फा.नं. १०८ म.ले.प.फा.नं. २३ माग गर्दा म.ले.प.फा.नं. १०८ कुनै पनी महिनाको जोडजम्मा बेगरको खाता पेश हुन आएको र २१ ठेली मात्र प्राप्त भएकोमा जोडजम्मा नभएकोले सो सम्बन्धमा</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | एकिन भएन भने बाँकी ७ ठेली रसिद सम्बन्धमा प्रयोग तथा आम्दानी सम्बन्धमा विवरण पेश हुन नआएकोले सो वडा बाट प्राप्त आम्दानी सम्बन्धमा एकिन गर्न सकिएन । | |
| २३.३. | आन्तरिक स्रोतको रसिदतर्फ कार्यालयबाट प्राप्त नगदी रसिद नियन्त्रण खातामा गत वर्षको नगदी रसिद के कति बाँकी थियो थिएन सो खुलाएको छैन । यस वर्ष १ देखि १०२०० सम्म २०४ ठेली रसिद मध्ये २०५ ठेली विभिन्न वडा कार्यालयलाई दिएको दिई बांकी १२ ठेली स्टोर मौज्दात रहेको देखाएको छ । उक्त रसिदमध्ये कुन कुन वडालाई कति कति ठेलि वितरण गरियो सो सम्बन्धि विवरण पेश हुन आएन  र उपरोक्त ठेलीहरु मध्ये चालु आर्थिक वर्षमा वडा कार्यालयहरुले कति प्रयोग गरी कति आम्दानी गर्‍यो कति राजश्व प्राप्त भयो रदिहरु कति बांकी सो बांकी रसिद कार्यालयमा फिर्ता हुनुपर्नेमा सो रसिदहरु प्राप्त हुन आएको देखिएन अतः छपाई गरिएको रसिद तथा आम्दानी रकम सम्बन्धमा एकिन गर्न सक्ने अवस्था रहन्छ । अतः कार्यालयले कुन कुन वडा कार्यालय तथा शाखामा गएको रसिद ठेली गणनागरी, कुन कुन वडा वाट कति कति रकम प्राप्त भयो सो समेतको विवरण राखी आर्थिक वर्षको अन्तमा भएको रसिद फिर्ता दाखिला गरि रसिदको हिसाव पारदर्शी रुपमा अभिलेखिकरण हुनुपर्दछ । | |
| (क) | विगतको १ ठेली रसिद ठेली पनि प्रयोग भएको र यसै वर्ष छपाई गरेको ररिदमध्ये रसिद नं. २५०० देखि ३१ सम्म को १३ ठेली रसिद नं. दोहोरो छपाई भएको र सोको आम्दानी समेत गरेको देखिन्छ । अतः यसरी दोहो नम्बरको रसिद छपाई गरी आम्दानी गरेको देखिएकोले अन्य रसिद पनि दोहोरो छैन भनि एकिन गर्न सक्ने अवस्था रहेन अतः प्राप्त राजश्व आम्दानी सम्बन्धमा ठीक छ भनि एकिन गर्न सकिएन अतः सो सम्बन्धमा छानविन गरी एकिन हुनुपर्दछ । | |
| २४. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०४ मा विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा हस्तान्तरण हुने व्यवस्था छ  । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तयार गरेको पाइएन । | |
| २४.१. | गाँउपालिकाले जिन्सी माल समानको एकीकृत अभिलेख तयार नगरी विषयगत शाखा अनुसार तयार गर्ने गरेको देखिएकाले एकमुष्ठ अभिलेख राख्नुपर्दछ । | |
| २५. | **भुक्तानीमा कर दाखिला :** आयकर ऐन, २०५८ मा भुक्तानीमा कटाएको कर कटाएको अर्को महिनाको २५ गतेभित्र दाखिला गरि सक्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले कटाएका करहरुमध्ये २०७५।३।२५ मा रु. ६८६६३।९८, २०७५।३।३० मा रु. २६४६७७५।७५ र २०७५।४।३ मा रु. १०१०१२२।०० दाखिला गरेको देखिएकाले समयमा दाखिला हुनुपर्दछ । | |
| २६. | **आर्थिक सहायता :** यस वर्ष रु. १०,००,०००।०० बजेट व्यवस्था भएकोमा रु. ८,७६,०००।०० खर्च गरेको छ । आर्थिक सहायता वितरण गर्ने सम्बन्धमा स्पष्ट मापदण्ड तयार गरेको पाइएन । | |
| २७. | **सम्पत्तिको संरक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाँउपालिका क्षेत्रभित्रको सम्पत्तिको संरक्षण सम्बन्धी व्यवस्था रहेको छ । गाँउपालिकाले सो अनुसार सम्पत्तिको रेखदेख, मर्मत संभार तथा अन्य प्रबन्ध गरेको देखिएन । | |
| २८. | **आय र व्ययको बर्गीकरण तथा लेखांकन :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३१ मा स्थानीय तहले आय व्ययको वर्गीकरण तथा लेखाँकन नेपाल सरकारले निर्धारण गरे बमोजिम गर्नु पर्ने व्यवस्था रहेको छ । यस्का लागि नेपाल सरकारले एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ लागु गरेको छ । कार्यालयले चाल र पूँजीगत खर्चको वर्गीकरण गर्दा उक्त व्यवस्था अनुसार नगरी चालु प्रकृतिका कार्यहरु समेत पूँजीगतमा खर्च लेखांकन गर्ने गरेको पाइयो । | |
| २९. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँऊपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |

| | | |
|---|---|---|
| ३०. | **आन्तरिक लेखा परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था रहेको छ । यस कार्यका लागि नेपाल सरकारले आन्तरिक लेखापरीक्षकको दरबन्दी स्वीकृत गरेपनि कार्यालयले आय र व्ययको आन्तरिक लेखा परीक्षण गराएको पाइएन । यसबाट आर्थिक कारोबारमा गल्तीहरु भएका छैनन भनी आश्वस्त हुने आधार भएन । | |
| ३१. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउने कार्यविधिको व्यवस्था रहेको छ । | |
| ३१.१. | सोही नियमावलीको नियम ९७(१क) मा लागत अनुमानमा मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था रहेको छ भने नियम ९७(४) मा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टीन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरी भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले लागत अनुमान तयार गर्दा मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिता खुल्ने गरी गरेको पाइएन । | |
| ३१.२. | सो नियमावलीको नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आँफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्राक्टरबाट गराउन नसकिने व्यवस्था रहेको छ । कानून विपरित भएको कार्य अनियमित देखिएको रु. .. | १८७०९००.०० |

| भौचर नम्बर | उपभोत्ता समिति | भुक्तानी रकम | अन्यबाट गराएको रकम | अन्य |
|---|---|---|---|---|
| ५९६-२०७५/३/३१ | गंगापरस्पर | १४८३४४३ | १८७०९०० | के एम एस ड्रिलिङ्ग एण्ड सप्लायर्स प्रा लि |

| | | |
|---|---|---|
| ३१.३. | सोही नियमावलीको नियम ९७(९) मा उपभोक्ता समितिबाट सञ्चालन हुने निर्माण कार्य गर्दा लोडर, एक्साभेटर, रोलर, डोजरजस्ता हेभी मेशीनहरु प्रयोग गर्न नपाइने तथा लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएकोमा सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई प्रयोग गर्न सकिने व्यवस्था रहेको छ । निम्न निर्माण कार्य जटिल प्रकृतिको रहेको भनी नखुलाएको, उपभोक्ता समितिले निर्माण कार्य गर्दा हेभि उपकरण प्रयोग गर्दा कार्यालयको पूर्व सहमति लिएको नदेखिएकाले हेभि मेशिन प्रयोग गरेको कार्य अनियमित देखिएको रु. … | २४४४४७६.० |

| भौ नं | उपभोक्ता समिति | डोजर भाडा रकम |
|---|---|---|
| ४८१-२०७५/३/३१ | चिमचिमे बाटो | १८९८४० |
| ४६५-२०७५/३/३१ | ग्राभेल तथा | ५१६१२७ |
| ४०८-२०७५/३/२२ | कोइलाबास | ८७९९९६ |
| २७५-२०७५/३/१ | महादेवा | ३८९४१९ |
| २७१-२०७५/२/२९ | गुप्तीगञ्ज | १०२५०० |
| २९०-२०७५/३/१ | महादेवा | २६४०१३ |
| ३४४-२०७५/३/१० | गुलरीया | २२६०० |
| ३५३-२०७५/३/११ | पचैया | ७९९८१ |
| | | २४४४४७६ |

| | | |
|---|---|---|
| ३२. | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ। गाँऊपालिकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । | |
| ३३. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँऊपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा लगत राखेको नपाइएकाले सम्पुर्ण | |

| | | |
|---|---|---|
| | व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाँउपालिका क्षेत्र भित्रका व्यावसायीलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३४. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सवै गाँऊपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त सफ्टवेयर सञ्चालन गरेको छैन । कार्यालयले अवलम्बन गरेको सफ्टवेयर आधिकारिक निकायबाट प्रमाणीकरण नभएकाले यस्को विश्वसनीयता परीक्षण गर्ने आधार भएन । | |
| ३५. | **सूचना प्रविधिको प्रयोग :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० मा मन्त्रालयले स्थानीय तहको आर्थिक कार्य प्रणाली र प्रशासनिक काम कारवाहीमा एकरुपता कायम गर्न प्रयोग गर्नु पर्ने सूचना प्रविधिको ढाँचा तोक्न सक्ने व्यवस्था रहेको छ । कार्यालयले निम्न आपूर्तकबाट सफ्टवेयर खरिद गरेकोमा सो सफ्टवेयर मन्त्रालयले तोकेको ढाँचामा नरहेको, सफ्टवेयर आधिकारिक निकायबाट प्रमाणित नभएको, मन्त्रालयले लागु गरेको SUTRA मा आबद्ध नभएको तथा सफ्टवेयरलाई प्रयोगमा नल्याएकोले उक्त खर्चलाई नियमित मान्न नसकिएको रु. .... | २१९०३०८.०० |

| भौचर नम्बर | आपूर्तिकर्ता | भुक्तानी रकम |
|---|---|---|
| ३६-२०७४/६/३१ | साँग्रिला माइको सिस्टम प्रा लि | ११९८९७ |
| ३५-२०७४/६/३१ | इको प्रा लि | ३९९७९४ |
| १५८-२०७५/२/१६ | | ४५२००० |
| १५९-२०७५/२/१६ | | ११९८९७ |
| ५२१-२०७५/३/३१ | क्रियटिभ वर्ल्ड | ९३८७२० |
| | | **२१९०३०८** |

| | | |
|---|---|---|
| ३६. | **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले खरिद गर्न लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान निकाल्ने तरिका उल्लेख छ। जस अनुसार लागत अनुमानमा ओभरहेड, वर्क चार्ट स्टाफ खर्च, सानातिना अन्य खर्च, मूल्य समायोजन कन्टिन्जेन्सि, फिजिकल कन्टिन्जेन्सि, मूल्य अभिबृद्धि कर समेत थप गरी लागत अनुमान कायम गर्नु पर्दछ । कार्यालयले तयार गरेका लागत अनुमानमा उपरोक्त कुराहरु थप गरे नगरेको सम्बन्धमा उल्लेख नगर्नाले उपभोक्ता समितिले निर्माण गर्ने कार्यको लागत अनुमान रकमको विश्वसनियता मूल्यांकन गर्न सकिएन । | |
| ३७. | **जिन्सी खाता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ६ मा जिन्सी सम्पत्तिको जिम्मा, त्यस्को लगत, संरक्षण र बरबुझारथको व्यवस्था रहेको छ । कार्यालयले जिन्सी माल समानको अभिलेख राख्दा कार्यालयमा प्राप्त भएका सबै सम्पत्तिहरुको अभिलेख राख्नु पर्नेमा विषयगत शाखा अनुरुप राखेको देखिएकाले कार्यालयबाट खरिद भएका सम्पत्तिहरुको एउटै जिन्सी खाता राख्नुपर्ने देखिन्छ । | |
| ३८. | **मौजुदा सूची :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क मा सोही ऐनको दफा ३०(६), ४१(१)(क) र ४६ बमोजिम खरिद गर्न तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा सार्वजनिक निकायले सोझै खरिद गर्ने प्रयोजनका लागि योग्यताको आधारमा सूची तयार गर्ने र यस्तो सूचीलाई अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सो अनुसार खरिद गर्दा मौजुदा सूचीमा दर्ता भएको प्रमाणपत्र (अनुसूची २ख) समेत पेश गरी खरिद नगरेको एवं कार्यालयले मौजुदा सूचीको अभिलेख दर्ता पुस्तिका (अनुसूची २ग) अद्यावधिक नगरेकोले सो सूचीमा समावेश भएका व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकबाट प्रस्ताव माग गरि खरिद गरेको एकीन गर्ने आधार भएन । | |
| ३९. | **भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (३) मा बस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाँउमा एकैदिन गई फर्कने गरी सरकारी काममा काज खटी जाने | |

पदाधिकारी वा कर्मचारीले भ्रमण खर्च र दैनिक भत्ताको पच्चीस प्रतिशत रकम भुक्तानी पाउने व्यवस्था रहेको छ। कार्यालयले एकै दिनमा फर्कन सक्ने स्थानमा सरकारी साधन, मोटरसाइकल वा अन्य सार्वजनिक यातायातबाट भ्रमण गर्दा पनि पुरै दिनको भ्रमण खर्च लिएको देखिएकाले यसमा सुधार हुनुपर्दछ।

४०. **खर्चको नर्म्स :** कार्यालयले विभिन्न समितिका बैठक, तालिम, गोष्ठी, परीक्षा सञ्चालन जस्ता कार्यमा खर्च गर्नु अघि खर्च गर्न पाउने हदका सम्बन्धमा नर्म्स तयार गर्नु पर्नेमा तयार गरेको पाइएन। उदाहरणको लागि गो भौ नं. २०५-२०७५।३।२० बाट कक्षा ८ परीक्षा खर्च रु. २९९२९०।०० तथा २०६-२०७५।३।२० बाट रु. ६८०००।०० त्रैठक भत्ता भुक्तानी गरेको छ।

४१. **पेश्की कारोबार :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिनु अघि लागत अनुमान तयार गर्नु पर्ने र काम सम्पन्न भएपछि पेश्की फछ्र्यौट गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले पेश्की दिनु अघि लागत अनुमान स्वीकृत गराउनुभन्दा कार्यक्रम अनुसारको रकम पेश्की दिने गरेको, एक पटक दिएको पेश्की फछ्र्यौट नगरी थप पेश्की दिने गरेको, आंशिक रुपमा पेश्की फछ्र्यौट गर्ने गरेको तथा कार्यक्रम सम्पन्न भएपछि फछ्र्यौट नगरी आषाढ महिनामा फछ्र्यौट गर्ने गरेकोले यस्तो कार्यमा नियन्त्रण गरी कानून अनुसार पेश्की लिने र दिने कार्य हुनुपर्दछ।

| विवरण | पेश्की दिएको रु. | फछ्र्यौट भएको रु. | फछ्र्यौट मध्ये आषाढमा भएको रु. | आषाढमा फछ्र्यौट प्रतिशत | अन्तिम दिन फछ्र्यौट रकम रु |
|---|---|---|---|---|---|
| वित्तीय समानीकरण चालु | १९७५३०० | १९७५३०० | ११००००० | | ५४०००० |
| वित्तीय समानीकरण पूँजीगत | १३४०९९३२ | ३४६०००० | २३६८००० | ६८.४४ | १०५८००० |

४१.१. निम्न कर्मचारी एवं संस्थालाई दिएको पेश्की रकम आर्थिक वर्षका अन्तिम दिन सम्म पनि फछ्र्यौट गरेको नदेखिएकाले आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम फछ्र्यौट हुनुपर्ने रु. .. ९९४९९३२.००

| कार्यक्रमको नाम | पेश्की लिनेको नाम | बाँकी पेश्की |
|---|---|---|
| वित्तीय समानीकरण अनुदान पूँजीगत | नेक्स्ट कन्सल्ट प्रा लि | १३४९९३२ |
| | लुम्बिनी जलजला जे भी | ७३००००० |
| | उज्जवल निर्माण सेवा | १३००००० |
| | **जम्मा** | **९९४९९३२** |

४२. **फरक शीर्षकको खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (२)(क) मा रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ र खर्च गर्न बाँकी छ भने खर्च गर्न र खर्च गर्ने निकासा दिनु पर्ने व्यवस्था रहेको छ। कार्यालयले निम्न खर्च गरेकोमा फरक खर्च शीर्षकबाट भुक्तानी दिएको नियमित नदेखिएको रु. ५४४४९३४.६

| भौचर नम्बर र मिति | भुक्तानी रकम | वापत | खर्च लेखेको शीर्षक | खर्च लेख्नु पर्ने शीर्षक |
|---|---|---|---|---|
| १४९-२०७५/२/८ | १८७०१३१.६० | तलब | वित्तीय समानीकरण चालु | स्वास्थ्य शशर्त अनुदान |
| २०८-२०७५/३/२९ | ५३७३३ | तलब | वित्तीय समानीकरण चालु | स्वास्थ्य शशर्त अनुदान |
| १९९-२०७५/३/२० | १४००० | तलब | वित्तीय समानीकरण चालु | स्वास्थ्य शशर्त अनुदान |
| ७१-२०७४/९/७ | ३७०३०० | सुत्केरी स्याहार खर्च | वित्तीय समानीकरण चालु | स्वास्थ्य शशर्त अनुदान |
| २१६-२०७५/३/२३ | ११९२८१ | सामाजिक परिचालक पारिश्रमिक | वित्तीय समानीकरण चालु | एल जि सि डि पी चालु |
| २१३-२०७५/३/३१ | ४८००० | तलब | वित्तीय समानीकरण चालु | शशर्त स्वास्थ्य |
| २०२-२०७५/३/२० | ७०९८०० | सुत्केरी भत्ता | वित्तीय समानीकरण चालु | शशर्त स्वास्थ्य |
| २४१-२०७५/२/१८ | २०००१० | सुपरभाइजर पारिश्रमिक | वित्तीय समानीकरण पूँजीगत | जि वि स |
| २६७-२०७५/२/२७ | १०६००० | खाजा खर्च | वित्तीय समानीकरण पूँजीगत | शशर्त स्वास्थ्य |
| २६६-२०७५/२/२७ | ५४००० | खाजा खर्च | वित्तीय समानीकरण पूँजीगत | शशर्त स्वास्थ्य |
| २६५-२०७५/२/२७ | ५०००० | खाजा खर्च | वित्तीय समानीकरण पूँजीगत | शशर्त स्वास्थ्य |

| | | | | |
|---|---|---|---|---|
| ३७८-२०७५/३/१६ | ४१११०० | आमा सुरक्षा | वित्तीय समानीकरण पूँजीगत | शशर्त स्वास्थ्य |
| ३५-२०७४/९/२८ | १४८५०० | प्रहरी कार्यालयको ग्यारेज | वित्तीय समानीकरण पूँजीगत | सम्बन्धित संघीय बजेट |
| ३६-२०७४/९/३० | १०००० | प्रहरी चौकी | वित्तीय समानीकरण पूँजीगत | सम्बन्धित संघीय बजेट |
| ४३-२०७४/१०/१० | २५००० | सशस्त्र प्रहरी | वित्तीय समानीकरण पूँजीगत | सम्बन्धित संघीय बजेट |
| ४४-२०७४/१०/१० | २५००० | प्रहरी चौकी | वित्तीय समानीकरण पूँजीगत | सम्बन्धित संघीय बजेट |
| १४८-२०७५/१/१० | ४९५०० | प्रहरी | वित्तीय समानीकरण पूँजीगत | सम्बन्धित संघीय बजेट |
| ६४८-२०७५/३/३१ | २२९८४४ | बाटो मर्मत | वित्तीय समानीकरण पूँजीगत | सीमा सुरक्षा कार्यक्रम |
| ५११-२०७५/३/३१ | २८०००० | औषधी खरिद | वित्तीय समानीकरण पूँजीगत | शशर्त स्वास्थ्य |
| ४९६-२०७५/३/२७ | ४१००० | भत्ता | वित्तीय समानीकरण पूँजीगत | शशर्त स्वास्थ्य |
| ४७६-२०७५/३/२६ | १४००८५ | भवन रंगरोगन | वित्तीय समानीकरण पूँजीगत | शशर्त स्वास्थ्य |
| ४५७-२०७५/३/२५ | ४४५५० | कार्यालय समान | वित्तीय समानीकरण पूँजीगत | शशर्त स्वास्थ्य |
| ४०४-२०७५/३/२० | १००००० | भत्ता | वित्तीय समानीकरण पूँजीगत | शशर्त स्वास्थ्य |
| ४०३-२०७५/३/२० | २७४००० | तालिम, भत्ता | वित्तीय समानीकरण पूँजीगत | शशर्त स्वास्थ्य |
| ४०२-२०७५/३/२० | ७११०० | जीरो होम डेलीभरी | वित्तीय समानीकरण पूँजीगत | शशर्त स्वास्थ्य |
| | ५४४४९३४.६ | | | |

४३. **मूल्य अभिबृद्धि कर दर्ता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(२) मा बीस हजार रुपैयाँभन्दा कम रकमको मालसमान खरिद गर्दा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण प्राप्त नगरेकाबाट खरिद गर्न सकिने व्यवस्था भएकोले बीस हजारभन्दा बढीको खरिद गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएकाबाट खरिद गर्नु पर्नेमा निम्नबाट माल समान खरिद गरेकोमा मूल्य अभिबृद्धि करमा दर्ता भएको पाइएन ।

| **विवरण** | **भौचर नम्बर र मिति** | **भुक्तानी रकम** | **फर्मको नाम** |
|---|---|---|---|
| **वित्तीय समानीकरण चालु** | २५९-२०७५/३/३१ | १२१७६५ | शितल म म रेष्टुरेन्ट |
| | २५५-२०७५/३/३१ | ९५००० | दंगाली म म रेष्टुरेन्ट |
| | २२४-२०७५/३/२५ | ९८४५० | राप्ती फोटोकपी एण्ड स्टेशनरी |
| | १८३-२०७५/३/४ | १३७३८० | पि पि बुक्स एण्ड स्टेशनरी |
| | १८२-२०७५/३/४ | १५८९१५ | सत्य साई बुक्स एण्ड स्टेशनरी |
| **वित्तीय समानीकरण पूँजीगत** | ५३३-२०७५/३/३१ | ६६२०० | कामना बुक्स एण्ड स्टेशनरी |
| | ५२६-२०७५/३/३१ | ४९८०० | लुम्बिनी फेन्सी स्टोर |
| | ५२५-२०७५/३/३१ | ४८७५० | सन्तोष कपडा पसल |
| | ४१८-२०७५/३/२३ | ५९६०० | राप्ती फोटोकपी एण्ड स्टेशनरी |
| | ४०६-२०७५/३/२० | ११४४८० | रावल पुस्तक पसल |
| | ४०६-२०७५/३/२३ | ४०८०० | सलिना फेन्सी पसल |

४४. **विद्युतीय हाजिरी :** कार्यालयले कार्यालयमा, अन्तरगतका विषयगत शाखा तथा विद्यालयहरुमा विद्युतीय हाजिरी मेशीन जडान गरेको भनी विभिन्न आपूर्तिकर्तालाई रकम भुक्तानी गरेको भएपनि ती मेशिनहरुको प्रयोगका सम्बन्धमा अनुगमन गरेको पाइएन ।

**एल जि सि डि पी चालु**

४५. सूचना प्रविधि अधिकृत सञ्चित पौडेलले मासिक तलब भत्ता रु. ४२,५००।०० पाउने सम्झौता भएकोमा महंगी भत्ता वापत रु. ५४४८।०० भुक्तानी गरेकोले उक्त रकम असुल हुनुपर्ने रु. ... ५४४८.००

**वन तथा वातावरण संरक्षण कार्यक्रम**

४६. कार्यालयले डि पी कन्स्ट्रक्शनबाट ९४ थान ग्याविन बक्स रु. ४९८९६९।०० मा र फेमस निर्माण सेवाबाट ९४ थान ग्याविन बक्स रु. ४९८८०३।०० खरिद गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नु पर्नेमा दुई टुक्रा पारी सोझै खरिद गरेको छ । उक्त ग्याविन बक्स प्रयोग भएको सम्बन्धमा प्राविधिक प्रतिवेदन पेश गरेको छैन ।

| | | |
|---|---|---|
| | **सशर्त अनुदानः सामाजिक सुरक्षा** | |
| ४७. | गाउँपालिकाले यो वर्ष सामाजिक सुरक्षा अर्न्तगत जम्मा रु.४,२२,०१,८००।०० निकासा भएकोमा प्रथम चौमासिकमा खर्च नभएको, दोस्रो चौमासिकमा रु.१,५७,६९,६००।००, तेस्रो चौमान्सिकमा रु.२,५४,२८,८००।०० समेत जम्मा रु.४,११,९८,४००।०० निकासा खर्च देखाएकोमा देहाय बमोजिम देखिन आएको छ : | |
| ४७.१. | कार्यालयले आर्थिक विवरणमा उक्त भत्ता रकम रु.४,२२,०१,८००।०० खर्च उल्लेख गरेको छ भने बैंक नगदी किताव अनुसार रु.४,११,९८,०००।०० मात्र उल्लेख भएबाट बैंक नगदि कितावबाट देखिएको खुद खर्च कट्टा गरी बांकी रकम रु.१०,०३,४००।०० बेरुजु खातामा दाखिला हुनुपर्ने रकम रु. १०,०३,४००।०० नेपाल बैंक लिमिटेड घोराही शाखाको भौ नं.१५८३४३३ मिति २०७५।०९।०९ मा राजश्व खाता नं. १५१११ मा दाखिला भएको दाखिला भौचर पेश हुन आएको छ । | |
| ४७.२. | सामाजिक सुरक्षा कार्यक्रम सन्चालन कार्यविधि,२०७२ को दफा (९) मा गाउंपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको अनुसूची ५ बमोजिमको मुल अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ भन्ने उल्लेख छ । तर लेखापरीक्ष समयमा लाभग्राहीको फोटो सहितको नाम नामेसि भएको लगत किताव माग गर्दा पेश हुन आएन, उक्त लाभ ग्राहीको नाम नामेसि सहित वार्षिक तथा अर्धवार्षिक रुपमा नविकरण गरी मृत्यू भएका, बसाईसरी गएका, एकल वा विधवा महिलाले विवाह गरेमा, वालवालिकाको हकमा उमेर पुरा भएमा,नविकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा र अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा कार्यविधिको दफा ११ मा लगत कट्टा गर्ने व्यबस्था भएकोमा यस वर्ष उक्त उल्लेखित बुंदा अनुसारका काम कारवाही भै के कति को लगत कट्टा तथा थप गरी अभिलेख व्यबस्थित गरियो सो सम्बन्धमा कुनै पनि प्रमाण पेश हुन आएकोले वास्तविक लाभग्राहिले रकम प्राप्त गरेको छ छैन एकिन गर्न सकिएन । | |
| ४७.३. | भुक्तानी भरपाईको पाना पानामा जोड जम्मा गरी जेष्ठ नागरीक, विधवा महिला, पूण अशक्त अपाङ्ग, अति अशक्त अपाङ्ग,बलबालिका सुरक्षा भत्ता दलित आदिलाई के कति रकम वितरण गरेको हो छुट्टा छुटै अभिलेखीकरण गरी सोही अनुसार प्रत्येक पानाको जोड जम्मा गरी अनुसूची ८ र ९ बमोजिमको विवरण रहित राखी रकम भुक्तानी गर्नु पर्नेमा वितरणको भरपाई साथ उक्त अनुसुचीको विवरण तथा जोड जम्मा समेत राख्ने गरेको पाईएन अतः भुक्तानी रकम दोहोरिएको छ छैन भन्न सक्ने अवस्था रहेन । | |
| ४७.४. | गाउँपालिका कार्यालयले उक्त सामाजिक सेवा भत्ता रकम विभिन्न वडा कार्यालयका सचिवहरुलाई लाखौ रकम पेश्की दिई पेश्की फछ्र्यौट सम्बन्धी व्यबस्था अनुसार सयमानै फछ्र्यौट गराउनु पर्नेमा पेश्की दिएको रकम मध्ये महिनौ पछाडि रु.१ लाख देखि रु.५ लाख भन्दा बढी पेश्की रकम फिर्ता आम्दानी भएको देखियो अतः उक्त बांकी पेश्की रकम व्यक्तिगत प्रयोजनमा प्रयोग भएको छैन भनि एकिन गर्न सकिएन । अतः एमआईएस अभिलेख अनुसार आवश्यक रकम मात्र पेश्की दिनेतर्फ ध्यान जानु पर्ने देखियो । | |
| ४७.५. | भौ.नं.१३।२०७५।१।२७ वडा नं. १ का वडा सचिव राम बहादुर चौरीले प्रथम चौमासिकको सामाजिक सुरक्षा भत्ता पेश्की रकम रु.२२,५२,८००।०० लिई फछ्र्यौट गर्दा रु.१९,८६,४००।०० को फांटवारी र बाँकी रकम रु.२,२२,४००।०० बैक दाखिलाको भौचर संलग्न गरी रु.२२,०८,८००।०० मात्र पेश्की फछ्र्यौट गरेकोमा फाँटवारी भन्दा बढी फछ्र्यौट गरेको रकम रु.४४,०००।०० निज सचिवबाट असूल हुनुपर्ने देखिएको रु. | ४४०००.०० |
| ४७.६. | भौ.नं.२०।२०७५।१।२८ वडा नं.७ का वडा सचिव प्रभुदास यादवले प्रथम चौमासिकको सामाजिक सुरक्षा भत्ता रु.२३,०९,०००।०० पेश्की फछ्र्यौट गर्दा रु.१९,७५,०००।०० को रकम बुझेको भरपाई, रु.३,१२,०००।०० बैंक दाखिला थप भरपाई रु.८,०००।०० समेत रु.२२,९५,०००।०० को मात्र | १४०००.०० |

| | | |
|---|---|---|
| | फाँटवारी पेश भै फाँटवारी भन्दा बढी फछ्र्यौट भएको रकम निज सचिवबाट असूल हुनुपर्ने देखिएको रु. | |
| | **पशुसेवा पूँजिगत** | |
| ४८. | **कार्यक्रम समयमा नभएको** : कार्यालयले सञ्चालित कार्यक्रमहरु स्वीकृत वार्षिक कार्यक्रम अनुसार पहिलो चौमासिक, दोस्रो चौमासिक र तेस्रो चौमासिकमा सम्पन्न गर्नु पर्नेमा सम्पूण वार्षिक कार्यक्रमहरु तेस्रो चौमासिकमा नै पेश्की दिने र तेस्रो चौमासिकमानै सम्पन्न गरी पेस्की फछ्र्यौट देखाएकोमा संचालित कार्यक्रमहरु वार्षिक कार्यक्रम अनुसारनै भई गुणस्तयूक्त तरिकाले भयो होला भन्न सकिएन अतः कार्यक्रम स्वीकृत वार्षिक कार्यक्रम अनुसार हुनुपर्दछ । | |
| ४९. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ (क) मा रु.२० हजार भन्दा बढीको सामान खरिद गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेकासँग खरिद गर्नुपर्ने उल्लेख छ । तर कार्यालयले भौ.नं.२४।२०७५।३।१५ मा संलग्न विलमा मिति समेत नखुलाई रु.५०१७।०० देखि रु.७५०००।०० हजार सम्मको पटक पटक कुनै पनी कोटेशन नलिई आर्थिक वर्षको अन्तमा पशुको लागि औषधी र पशु सर्जिकल सामान खरिद गरी देहायबमोजिमको विलबाट खर्च लेखेकोमा उपरोक्त औषधी तथा सर्जिकल सामाहरु जिन्सी खातमा आम्दानी समेत नगरी खरिद गरेकोलाई नियमति खर्च भन्न नमिल्ने देखिएको रु. | २५६६०३.०० |

| विक्रेताको नाम | विल नं. | खरिद सामाग्रि | खरिद रकम |
|---|---|---|---|
| दर्शन स्वर्गद्वारी एग्रोभेट सेण्टर, लमही | १८०३ | पशु औषधि तथा सर्जिकल समाग्रिहरु | १००००.०० |
| दर्शन स्वर्गद्वारी एग्रोभेट सेण्टर, लमही | १८०२ | पशु औषधिहरु | १५००३.०० |
| दर्शन स्वर्गद्वारी एग्रोभेट सेण्टर, लमही | २०३४ | बुर्डिजोक्यास्टोरर ४५ से.मी. / ३५ से.मी. | ४००००.०० |
| दर्शन स्वर्गद्वारी एग्रोभेट सेण्टर, लमही | २०३२ | पशु औषधि, सामाग्रिहरु | १५०७०.०० |
| दर्शन स्वर्गद्वारी एग्रोभेट सेण्टर, लमही | २०२३ | पशु औषधि,समाग्रिहरु | १२७७६.०० |
| दर्शन स्वर्गद्वारी एग्रोभेट सेण्टर, लमही | २०२१ | पशु औषधि, समाग्रिहरु | २७२३७.०० |
| दर्शन स्वर्गद्वारी एग्रोभेट सेण्टर, लमही | २०२९ | पशु औषधि तथा सर्जिकल समाग्रिहरु | १५००.०० |
| दर्शन स्वर्गद्वारी एग्रोभेट सेण्टर, लमही | २०३३ | सर्जिकल सेटहरु | ७५०००.०० |
| दर्शन स्वर्गद्वारी एग्रोभेट सेण्टर, लमही | २०४५ | इलेक्ट्रिकल्स माइक्रोस्कोप | ४५०००.०० |
| दर्शन स्वर्गद्वारी एग्रोभेट सेण्टर, लमही | २०४९ | विभिन्न पशुसम्बन्धी औषी | १००००.०० |
| दर्शन स्वर्गद्वारी एग्रोभेट सेण्टर, लमही | १८०१ | सामाग्रिहरु | ५०१७.०० |
| | | | **२५६६०३.००** |

| | | |
|---|---|---|
| ५०. | आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिलभर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। भौ.नं.४३।२०७५।३।२५ पशु चिकित्सक श्री डिल्ली बहादुर डि.सी. ले मिति २०७५।३।१८ निवेदन साथ संलग्न एक दिने गाउँपालिका स्तरीय बंगूरपालन कृषक तालिम संचालन गरी रु.३२,०००।०० पेश्की फछ्र्यौ गरेकोमा फांटवारी साथ रु.७,९१५।५० को विलभरपाई मात्र संलग्न भएको देखिएकोले विलभरपाई भन्दा बढी खर्च लेखेको रकम निजबाट असूल हुनुपर्ने देखिएको रु. | २४०८४.५० |
| ५१. | **वार्षिक कार्यक्रम :** स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यक्रम नं. ३२७१०३ (सि.नं.२.२४) मा गाई भैंसी गोठ सुधार निर्माण कार्य २(दुई) वटाको लागि रु.८० हजारको बजेट व्यबस्था भै निम्न अनुसारको भौचरहरुबाट देहायका कृषकहरुलाई गोठ सुधारको लागि ५० प्रतिशत अनुदान खर्च लेखेकोमा स्वीकृत | ४००००.०० |

| | | |
|---|---|---|
| | वार्षिक कार्यक्रम अनुसार २ वटा मात्र कार्यक्रम भएकोमा ३ वटा कार्यक्रम गरी स्वीकृत वार्षिक कार्यक्रमभन्दा बढी अनुदान दिएको रकमलाई नियमित खर्च भन्न नमिल्ने देखिएको रु. | |

| भौ.नं. मिति | कृषकको नाम | खर्च रकम | गोठ निर्माण |
|---|---|---|---|
| ४१।२०७५।३।२५ | मधुसुदन के.सि. गढवा १० | ४००००.०० | गाई गोठ |
| ४२।२०७५।३।२५ | पटवारी यादाव गढवा ६, बालापुर | ४००००.०० | भैंसि गोठ |
| ४५।२०७५।३।२५ | कैलाश चौधरी चौधरी गाईपालन फर्म गढवा गा.पा ४ अजगढवा | ४००००.०० | गाई गोठ |

| | | |
|---|---|---|
| ५२. | भौ.नं.५९।२०७५।३।१२ सिद्धार्थ एग्री सेण्टरको विल नं.४९४०।२०७५।३।१३ बाट एफ एम डि १५ डोज र पि.पि.आर खोप ४० भाईल र १६० भाईल खरिद गरेको उक्त पशु औषधि जिन्सी दाखिला गरी वितरण गरेको भरपाई संलग्न नभएको रु. | ८५०४०.०० |
| ५३. | भौ.नं.६५।२०७५।३।३१ पशु चिकित्सक डिल्ली बहादुर डि.सि.ले विभिन्न कार्यक्रम गरी रु.८,९८,७१०।०० पेश्की फछ्र्यौट गरेकोमा देहाय बमोजिम देखिन आएको छ : | |
| ५३.१. | कार्यक्रम सञ्चालन गरी पेश हुन आएको फाँटवारीमा कुन कुन कार्यक्रममा कति कति बजेट थियो कति खर्च भएको सो फांटवारी साथ खर्चको तेरिजसहित पेश्की फछ्र्योट गर्नु पर्नेमा सोको तेरिज उल्लेख नभएकोले कुन कार्यक्रममा कति खर्च भयो कार्यक्रम अनुसार खर्च भयो भएन एकिन गर्न सकिएन । | |
| ५३.२. | आर्थिक वर्ष २०७४।७५ को कार्यक्रम अनुसार सहकार्य ५० प्रतिशत अनुदानमा सम्पन्न गरिने कार्यक्रमहरु प्रस्ताव आव्हान अए अनुसार कृषकहरुबाट पेश भएका प्रस्तावहरु आर्थिक विकास शाखामा बसेको बैठकको निर्णयबाट पास भएका कार्यक्रमहरुको अनुगमन गरेको भनि गढवा गा.पा. वडा नं.६ का अध्यक्ष श्री बालचन्द्र हमाल लगायत १३ जना पदाधिकारी हरुले अनुगमन भत्ता भुक्तानी लिएकोले उक्त भत्ता लिन पाउने आधार पेश हुनु पर्ने अन्यथा (कट्टा भएको कर वाहेक) असूल हुनुपर्ने देखिएको रु. | २२१००.०० |
| ५३.३. | प्रकाश एग्रिकल्चर प्रा.लि.भानु तनहुंबाट खरिद निम्न तौल भएको उन्नत नश्ल वोयर जातको बोका खरिद गरी ल्याएकोमा उक्त बोका ५ जिउ कृषक विष्णु बहादुर योगी लगायतसंग सम्झौता गरी खर्च लेखेको छ । उक्त बोका वितरण गर्दा सम्झौता बमोजिमको कार्य भए नभएको र सम्झौता को बूंदा नं.७ बमोजिम बोकाबाट भए गरेको प्रजननको उचित रेकर्ड राखी प्रत्येक महिनाको २८ गते भित्र पशु विकाश शाखा गढवामा बुझाउनु पर्ने उल्लेख भएको छ । सो सम्बन्धमा सम्झौता बमोजिमका कृषकहरुबाट उक्त विवरण प्राप्त भएको प्रमाण पेश हुनुपर्ने देखिएको रु. | २४१०००.०० |

| बोकाको जात | बोकाको तौल | प्रति के.जि. रकम | जम्मा मूल्य |
|---|---|---|---|
| बोयर नश्ल १ | २८ के.जि | २५००.०० | ७००००.०० |
| बोयर नश्ल १ | २६ के.जि. | २५००.०० | ६५०००.०० |
| बोयर नश्ल १ | २० के.जि | २५००.०० | ५००००.०० |
| बोयर नश्ल १ | १४ के.जि | २०००.०० | २८०००.०० |
| बोयर नश्ल १ | १४ के.जि | २०००.०० | २८०००.०० |
| जम्मा ५ | | | २४१०००.०० |

| | | |
|---|---|---|
| ५३.४. | पशु विकास कार्यक्रम अन्तर्गत वोका वितरण गरेको भनि देहायबमोजिम खर्च लेखेकोमा बोका कृषकबाट सोझै भरपाईको आधारमा मात्र खरिद गरि खर्च लेखेको छ । बोका तथा राँगा खरिद गर्दा पशु चिकित्सकबाट जाँच गराई निरोगिताको प्रमाण पत्र संगलग्न गरी मात्र खरिद गर्नुपर्नेमा सो प्रमाण संलग्न नगरी खरिद कार्य गरेको छ । साथै वितरित बोका राँगाबाट कृषक समुहले के कस्ता लाभ लिए, वितरित राँगा, बोका के कुन अवस्थामा छन सोको अनुगमन प्रतिवेदन समेत संलग्न भएको नपाईएबाट यस्तो खर्चलाई नियमिति खर्च भन्न मिल्ने नदेखिएको रु. | १६७५००.०० |

| विक्रेता कृषकको नाम | बोकाको जात र जिउ | प्रति के.जि. रकम | जम्मा रकम |
|---|---|---|---|
| विवा थापा मगर | वोयर जातको १ जिउ | २५००।०० | ६२५००.०० |
| विवा थापा मगर | वोयर जातको २ जिउ | २०००।०० | १०५०००.०० |
| | | | १६७५००.०० |

| | | |
|---|---|---|
| ५४. | **फरक बजेट शिर्षकमा खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र रही सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने, खर्च गर्ने र खर्च गर्ने निकासा दिनुपर्ने उल्लेख छ । साथै सशर्त अनुदान रकम निर्धारित कार्यक्रम अनुसार तोकिएको कार्यमा मात्र खर्च गर्नुपर्दछ । कार्यालयले सशर्त अनुदान शिक्षातर्फको विद्यालय क्षेत्र विकास कार्यक्रमबाट गाउँकार्यपालिकाको निर्णयका आधारमा देहायका कार्यमा खर्च लेखी भुक्तानी गरेको देखियो । अतः सशर्त अनुदानको रकम कार्यक्रम विपरित खर्च लेखेको नियमसंगत नदेखिएको रु. | २०८४००.०० |

| **गो.भौ.नं., मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| १०/०७५/३/१५ | गाउँपालिका शिक्षा नीति मस्यौदा तयारी कार्य | १४०६००.०० |
| ११/०७५/३/१६ | २०७५ को क्यालेण्डर छपाई | ६७८००.०० |
| जम्मा | | २०८४००.०० |

| | | |
|---|---|---|
| ५५. | **मागभन्दा बढी निकासा :** गो.भौ.नं.७।०७५।२।१३ बाट जनता उच्च माध्यमिक विद्यालय, गढवा मा.वि. दरवन्दीतर्फ कार्यरत शिक्षकको तलवबापत तेस्रो चौमासिकको रकम निकासा दिदा विद्यालयको चौमासिक निकासा माग फाराम अनुसार रु.९३७०५३।- निकासा दिनुपर्नेमा रु.११,८९,०५३।- निकासा दिएको देखियो । अतः मागभन्दा बढी निकासा भएको रकम संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु. | २५२०००.०० |
| ५६. | **बढी निकासा :** गो.भौ.नं.७।०७५।२।१३ बाट शिक्षकहरुको तलवबापत तेस्रो चौमासिकको रकम निकासा दिदा श्री जनता उच्च माध्यमिक विद्यालय, गढवामा निम्न माध्यमिक तहमा कार्यरत शिक्षक श्री जगतराम यादव कार्यालयबाट प्राप्त विवरण अनुसार २०७५।०३।१५ बाट अनिवार्य अवकाश प्राप्त गरेको देखिएकोले कार्यरत अवधिसम्मको तलब बापतको रकम रु.१,०५,८७२।- मात्र निकासा दिनुपर्नेमा रकम रु.१,२१,११९।- निकासा भएको देखियो । अतः बढी निकासा भएको रकम संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु. | १५२४७.०० |
| | **सिमा क्षेत्र विकास कार्यकम चालु शशर्त** | |
| ५७. | **नर्म्सभन्दा बढी खर्च :** अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७३ अनुसार गाउँस्तरको सीपविकास तालिम सञ्चालन गर्दा अधिकतम १५ दिनसम्म एक कार्यक्रममा एकजना संयोजकलाई कार्यक्रमको प्रतिवेदन बुझाएपछि प्रतिदिन रु.३००।- संयोजक भत्ता दिन सक्ने व्यवस्था छ । गो.भौ.नं.११।०७५।३।२८ बाट वडा नं. ८ मा १५ दिने मोटरसाइकल मर्मत सम्बन्धी तालिम सञ्चालन बापत सब ओभरसियर मदन जि.सी. लाई रु.१,९६,१४०।- भुक्तानी दिएकोमा संयोजक भत्तावापत रु.४५००।- खर्च लेख्नुपर्नेमा रु.१६१५०।- खर्च लेखेको देखियो । अतः नर्म्सभन्दा बढी खर्च लेखेको रकम असुल गर्नुपर्ने रु. | ११६५०.०० |
| ५८. | सिप विकास तथा जनचेतना तालिम गोष्ठी शिर्षकबाट वडा नं. ३ मा घुम्तीकोष कार्यक्रम अन्तर्गत रु.५००००।- नबढ्ने गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने र रु.३५००००।- को घुम्तीकोष खडा गरी आय आर्जन क्रियाकलापमा परिचालन गरी सोको मासिक विवरण कार्यालयमा पेश गर्ने निर्णयानुसार २०७५।३।२३ मा महिला सञ्जाल समितिसँग सम्झौता गरेको देखियो । सोही सम्झौताको आधारमा कार्यालयले गो.भौ.नं. १०।०७५।३।२३ बाट रु.४००,०००।- खर्च लेखेकोमा लेखापरीक्षणको अवधिसम्म पनि कार्यक्रम सञ्चालन गरेको प्रमाण पेश हुन आएको देखिएन । अतः सम्झौतानुरुप कार्यक्रम सञ्चालन नभई खर्च लेखेको उक्त रकम असुल गर्नुपर्ने रु. | ४०००००.०० |
| | **वित्तीय समानीकरण चालु** | |

| | | |
|---|---|---|
| ५८.१. | २०२-२०७५।३।२० सुत्केरी भत्ता वापत रु. ७०९८००।०० खर्च लेखेकोमा उक्त रकम बुझाएको भरपाई संलग्न रहेको देखिएन । | |
| | **वित्तीय समानीकरण पूँजीगत** | |
| ५९. | **बिल भन्दा बढी परिमाणमा कार्यसम्पन्न :** पोल तार खरिद उपभोक्ता समितिले वडा नं. ४ का विभिन्न बस्तीमा विद्युत लाइन विस्तार एवं जडान कार्यका लागि रु.९८५६५६।- स्वीकृत लागत अनुमान अनुसार रु.९,६५,१५३।- को कार्य सम्पन्न गरी रु.८३५१४५।- भुक्तानी लिएकोमा कार्यसम्पन्न र संलग्न विलमा देहायबमोजिम फरक देखियो । अतः कम परिमाणमा सामान खरिद गरी बढी परिमाणमा कार्यसम्पन्न गरेको सम्बन्धमा वास्तविक कार्यसम्पन्न परिमाण यकिन गर्न नसकिएकोले थप प्रमाण पेश गर्नुपर्ने देखिएको रु. | १७६८४५.०० |
| ६०. | **प्रतिस्पर्धाविगर खरिद :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँकार्यपालिकाले नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र वा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा देहायबमोजिम टुक्राटुक्रा पारी सोझै खरिद गरेको पाइयो । खरिद कार्य गर्दा नियमको पालना गर्नुपर्दछ । | |

| गो.भौ.नं., मिति | विवरण | रकम रु. |
|---|---|---|
| ३७७/०७५/३/१६ | शुभकामना सप्लायर्स : मेशीनरी उपकरण खरिद | ३१७९८२.०० |
| ३७६/०७५/३/१६ | फिस्टेल सप्लायर्स : मेशीनरी उपकरण खरिद | ४९९४६०.०० |
| ३७३/०७५/३/१४ | स्मार्ट इलेक्ट्रो : मेशीनरी उपकरण खरिद | ३६७५००.०० |
| ३६७/०७५/३४ | पण्डे इलेक्ट्रोनिक्स : मेशीनरी उपकरण खरिद | ३००००.०० |
| ३६६/०७५/३/१४ | माँ दुर्गा इलेक्ट्रोनिक्स | ६५०००.०० |
| जम्मा | | १२७९९४२.०० |

| | | |
|---|---|---|
| ६१. | **परामर्श सेवा :** सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद ४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ६ मा परामर्श सेवा लिने सम्बन्धी व्यवस्था रहेको छ । कार्यालयले यस्तो सेवा लिएवापत निम्न रकम भुक्तानी गरेकोमा कार्यालयमा रहेका जनशक्तिले नभ्याउने विवरण खुलाएको पाइएन । परामर्श सेवाको लागत अनुमान तयार गर्ने नर्म्स स्वीकृत भएको पाइएन । | |

| भौचर नम्बर र मिति | भुक्तानी रकम |
|---|---|
| १११-२०७४/१२/२९ | ४००४४९ |
| ११२-२०७४/१२/२९ | ४८८६०० |
| १३०-२०७५/१/९ | ९९१४३९ |
| १२९-२०७५/१/९ | १९९३३२० |
| २४२-२०७५/२/१८ | ४९६६३४ |
| ५४०-२०७५/३/३० | ४९९००० |
| ६२५-२०७५/३/३१ | ९९८९२० |
| | **५८६८३६२** |

| | | |
|---|---|---|
| ६१.१. | कार्यालयले परामर्शदाताले पेश गरेका विस्तृत आयोजना प्रतिवेदनको अभिलेख खडा गरेको पाइएन । | |
| ६१.२. | निम्न सडकको डि पी आर तयार गरेकोमा ती डि पी आर अनुसारको निर्माण कार्य अगाडि बढाएको पाइएन । | |

| सडकको नाम | लम्बाई कि मी | अनुमानित लागत रु |
|---|---|---|
| वि के टोल कुमाल टोल यादव टोल हुलाकी | २.०४ | ९३४२२८८७ |

| | | |
|---|---|---|
| वेस क्याम्प खरखरे डाँडा | ७.७५२ | १४०१८४७९१६ |
| जुराउनी धनखोला | ५.३७१ | ४६१७३३०६५ |
| गढवा मडकपुर | ३.२०८ | ८९७०७८६७० |
| | १८.३७१ | २८५४०८२५३८ |

६१.३. कार्यालयले सडकको डि पी आर तयार गर्न प्रति कि मी रु. ४९१०२।२३ ( मू अ कर बाहेक) लागत अनुमान गरेकोमा सडक विभागको नर्म्सभन्दा बढीका दरले भुक्तानी भएको छ ।

६२. **जडान भएको प्रमाण :** कार्यालयले निम्न माल समान खरिद गरेको भनी खर्च लेखेकोमा ती मालसमान जडान भएको प्राविधिक प्रतिवेदन संलग्न रहेको पाइएन ।

| **भौचर नम्बर र मिति** | **माल समानको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|
| ६०८-२०७५/३/३१ | ट्रान्सफरमर वडा नं. ६ | ४९५००० |
| ६०६-२०७५/३/३१ | ट्रान्सफरमर वडा नं. ४ | १४८५००० |
| ६०५-२०७५/३/३१ | ट्रान्सफरमर वडा नं. ५ | ४९५००० |
| ६०४-२०७५/३/३१ | ट्रान्सफरमर वडा नं. ५ | ४९५००० |
| ६०३-२०७५/३/३१ | ट्रान्सफरमर वडा नं. ५ | ४९५००० |
| ६०२-२०७५/३/३१ | ट्रान्सफरमर वडा नं. ७ | ४९५००० |
| ६०१-२०७५/३/३१ | ट्रान्सफरमर वडा नं. ३ | ४९५००० |
| ५९८-२०७५/३/३१ | पाइप खरिद | ३२३८६५ |
| ५९७-२०७५/३/३१ | मोटर खरिद | १२३००० |
| ५८०-२०७५/३/३१ | पाइप खरिद | ६९३०० |
| ५७८-२०७५/३/३१ | पाइप खरिद | २९७००० |
| ५७६-२०७५/३/३१ | विद्युत पोल खरिद | ९९००० |
| ४८४-२०७५/३/३१ | ट्रान्सफरमर खरिद | ४९५००० |
| | | |

६३. **गैर सरकारी निकायबाट काम :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा गैर सरकारी संस्थाबाट काम गराउने सम्बन्धी व्यवस्था रहेको छ । यस्का लागि कार्यक्षेत्रगत शर्त, लागत अनुमान तयार गर्नु पर्ने, त्यस्तो काम गर्ने उद्देश्यले दर्ता भएको, मौजुदा सूचीमा समावेश भएकोबाट सूचना प्रकाशन गरी खरिद गर्नु पर्ने व्यवस्था रहेको छ । निम्न संस्थाबाट काम गराएकोमा सो प्रकृया पुरा गरेको देखिएन ।

| भौचर नम्बर | संस्थाको नाम | भुक्तानी रकम |
|---|---|---|
| ५८१-२०७५/३/३१ | नेपाल सेतो गुराँस बाल विकास सेवा केन्द्र | ४६४९२० |

६३.१. उक्त केन्द्र मूल्य अभिबृद्धि करमा दर्ता रहेको देखिएन । आयकर ऐन, २०५८ बमोजिम १५ प्रतिशतले हुने रु. ६९७३८।०० भुक्तानीमा कर कटाउनु पर्नेमा रु. ४५२५२।०० मात्र कटाएकोले नपुग रु. २४४८६।०० असुल गर्नुपर्ने रु. .. २४४८६.००

६४. ५३०-२०७५।३।३१ बाल मैत्रि स्थानीय शासन कार्यकम अन्तरगत राष्ट्रिय प्रशिक्षक श्री विष्णु प्रसाद चौवेलाई प्रतिदिन रु. ११,७००।०० का दरले १० दिनको रु. ११७०००।०० प्रशिक्षक भत्ता भुक्तानी दिएकोमा अर्थ मन्त्रालयबाट जारी निर्देशिका अनुसार रु. २५००।०० मात्र दिन मिल्ने भएकाले बढी भुक्तानी भएको प्रति दिन रु. ९२००।०० का दरले हुने रकम असुल गर्नुपर्ने रु. ... ९२०००.००

६५. **कार्यकमको अनुगमन** : कार्यालयले निम्न प्रयोजनका लागि रकम अनुदान स्वरुप उपलब्ध गराएकोमा उक्त रकम सदुपयोगका बारेमा अनुगमन गरेको देखिएन ।

| भौचर नम्बर | कार्यकम | भुक्तानी रकम |
|---|---|---|
| ५३१-२०७५/३/३३१ | युवा स्वरोजगार घुम्ति कोष सञ्चालन | ६००००० |

| | | |
|---|---|---|
| ५२७-२०७५/३/३१ | टुना टपरी उत्पादन उपभोक्ता समिति | ५००००० |

६६. **विद्यालय भौतिक सुधार :** कार्यालयले अंग्रेजी माध्यमको पढाई तयारी गर्ने भनी विद्यालयलाई मर्मत, माल समान खरिद गरी विद्यालयलाई उपलब्ध गराएको, अन्य निर्माण कार्य गराएकोमा विद्यालयमा हुन पर्ने न्युनतम मापदण्ड, विद्यमान रहेका विद्यमान भौतिक सुविधा र जनशक्ति, थप गर्नु पर्ने सुविधा र जनशक्ति, जिल्ला शिक्षा कार्यालयबाट प्राप्त हुने भौतिक सुविधाको रकम समेत विचार गर्नु पर्नेमा सो नगरी माल समान खरिद गरेको पाइयो ।

| भौचर नम्बर र मिति | विद्यालयको नाम | भुक्तानी रकम |
|---|---|---|
| ४९१-२०७५/३/२७ | जनता मा वि | २२७७०० |
| ४९०-२०७५/३/२७ | सरस्वती आधारभुत विद्यालय | ९९००० |
| ४८२-२०७५/३/२६ | गढवा क्याम्पस | १९८००० |
| ४६९-२०७५/३/२५ | सरस्वती नि मा वि | ४९५०० |

६७. **ल्याव स्थापना :** कार्यालयले ल्याव स्थापना गर्न भनी निम्नानुसार समान खरिद गरेकोमा ल्याव सञ्चालनमा आएको छैन भने खरिद भएका मालसमानहरु भण्डारमा मौज्दातमा रहेको पाइयो :

| भौचर नम्बर र मिति | आपूर्तिकर्ता | भुक्तानी रकम |
|---|---|---|
| ४२३-२०७५/३/२३ | शुभकामना सप्लायर्स | १७६५०६ |
| ४२२-२०७५/३/२३ | रेडियन्ट टेक्नोलोजी | ४९९००८ |

६८. **कृषि उद्योग स्थापना :** ३९५-२०७५।३।१९ कार्यालयले गाउपालिका कृषि उद्योग स्थापना अन्तरगत कृषि उद्योग दर्ता गरेको भनी रु. ९९००००।०० भुक्तानी दिएकोमा प्रचलित कानून अनुसार उद्योग दर्ता भएको देखिएन ।

६८.१. उद्योग दर्ता गर्न रु.९४४३३३।१८ लाग्ने अनुमान भई रु. १२७५८३।१८ अर्थात १५.६२ प्रतिशत जनश्रमबाट व्यहोर्ने गरी सम्झौता भएको थियो । उक्त कार्य रु. ९४४३३३।१८ मा सम्पन्न भएकाले सम्झौता अनुसार कार्यालयले रु. ८१६५६५।०० व्यहोर्नु पर्नेमा रु. ९९००००।०० भुक्तानी भएकाले बढी भुक्तानी भएको रु. १७३४३५।०० असुल हुनुपर्ने रु. ... १७३४३५.००

६९. **बेरुजू** : यस गाँउपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. ४८ लाख ८६ हजार, अनियमित बेरुजू रु. १ करोड ५३ लाख ४७ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु. ६९ लाख ७६ हजार र पेश्की बाँकी देखिएको रु. ९९ लाख ४९ हजार समेत जम्मा रु.३ करोड ७१ लाख ५८ हजार बेरुजू कायम भएकोमा प्रतिक्रिया प्राप्त नभएकोले रु. ३ करोड ७१ लाख ५८ हजार बेरुजू कायम भएको छ ।

७०. **अनुगमन तथा मूल्यांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२घ) बमोजिम बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकिय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको कायम बेरुजूमध्ये रु.१९ लाख ०४ हजार बेरुजू फछ्र्यौट गरी सम्परीक्षणको लागि अनुरोध भएकोले सोको सम्परीक्षण गरिएको छ । गत वर्षको बेरुजूको स्थिती निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजु रकम (रु.) | यो वर्ष फछ्र्यौट | बाँकी |
|---|---|---|
| **४२८१०००** | **१९०४१२३** | **२३७६८७७** |

७१. **अद्यावधिक बेरुजू स्थिति :** गढवा गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहायअनुसार रहेको छ ।

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) | यो वर्षको सं.प.बाट कायम बेरुजू (रु.) | यो वर्षको कायम बेरुजू (रु.) | बाँकी (रु.) |
|---|---|---|---|
| **२३७६८७७.००** | **०.००** | **३७१५८२२३.९०** | **३९५३५१००.९०** |

अनुसूची– १७

# गढवा गाँउपालिकाको बेरुजू बर्गीकरण

## आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको |
| १. | दाङ | गढवा गाँउपालिका | ८१ | २८ | ३७१५८ | ० | ० | ० | ८१ | २८ | ३७१५८ | ४८८६ | १५३४७ | ६९७६ | - |

अनुसूची- १

# स्थानीय तह सञ्चित कोष विवरण

## आर्थिक वर्ष २०७४।७५

**प्रदेश नम्बर :- ५**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १. | गढवा गाँउपालिका | दाङ | २५६२६ | २४३७५० | १५९११३ | १५८०९ | ४४४२९८ | ३२६२२६ | ६७३२ | १२८७ | ३३४२४५ | ११००५३ |